## स्टाफ क्यान्टिन सञ्चालनार्थ प्रस्ताव आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०५/२५ गते)**

आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सेवा लिन आउने सेवाग्राहीहरु, मन्त्रालयका कर्मचारीहरु तथा आगन्तुकहरुका लागि आ.ब.२०८३/०८४ का लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्टाफ क्यान्टिन सञ्चालनका लागि मिति २०८३/०५/१५ गतेको निर्णयानुसार तपशिल बमोजिमका शर्तहरु रहने गरी ईच्छुक सम्बन्धित सबैको लागि यो १५ (पन्ध्र) दिने सार्बजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१) **निबेदन दिने समयः** मिति २०८३/०५/२५ गते देखि मिति २०८३/०६/०८ गते सोमबारको दिनको ५:०० बजेसम्म।

२) **दररेट पेश :** आवश्यक कागजातहरुलाई खामबन्दी गरी पेश गर्नुपर्नेछ।

३) **आवश्यक कागजपत्रहरुः** ईच्छुकहरुले निवेदनका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्थाई लेखा नं प्रमाणपत्रको प्रतिलिपि (भ्याट दर्ता भएकालाई प्राथमिकता दिईनेछ), व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आ.ब.२०८१/०८२ को करचुक्ता (अनिवार्य) को प्रतिलिपि, साबिकमा मन्त्रालयमा क्यान्टिन संचालन गरेको अनुभब भए सोको प्रमाण प्रतिलिपि र प्रस्तावित भाडा (न्यूनतम भन्दा माथि) र खाना-खाजाको प्रस्तावित कबोल दररेटको प्रमाणित गरी समावेश गर्नुपर्नेछ।

४) **क्यान्टिनको न्यूनतम भाडाः** मन्त्रालयद्वारा क्यान्टिनको प्रति महिना तीन हजार रुपैया निर्धारण गरिएको हुँदा सो भन्दा माथि आफ्नो कबोल रकम निबेदनमा अनिवार्य रुपमा खोल्नुपर्नेछ ।

५) **खाना-खाजाको दररेटः** क्यान्टिन संचालकले मन्त्रालयद्वारा उपलब्ध गरेको दररेट पेश गर्ने फारममा दररेट पेश गर्नुपर्नेछ। यसरि पेश गरिएको दररेट मन्त्रालयद्वारा तयार गरिएको लागत दररेट भन्दा बढी हुन पाईनेछैन। प्रस्ताबकबाट बढी दररेट प्रस्ताब भएको भएमा मन्त्रालयद्वारा तयार गरिएको लागत दररेट अनुरुप सम्झौता गर्नुपर्नेछ।

६) **क्यान्टिन संचालन समयः** स्टाफ क्यान्टिन तत्काल कम्तिमा पनि बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म संचालन गर्नुपर्नेछ।

७) **खाना-खाजाको गुणस्तरः** स्टाफ क्यान्टिनमा दोश्रो पक्षले गुणस्तरीय स्वस्थकर खाजा तथा खानाको ब्यबस्था गर्नुपर्नेछ, गुणस्तरीयता सम्बन्धी प्रश्न आएमा क्यान्टिन संचालक जबाफदेही हुनुपर्नेछ।

८) **प्राथमिकताः** स्टाफ क्यान्टिनमा मन्त्रालयका कर्मचारी, सेवाग्राहीहरु र मन्त्रालयका अतिथिहरुलाई प्राथमिकता दिई सेवा दिनुपर्नेछ।

९) **सरसफाईः** स्टाफ क्यान्टिन संचालकले क्यान्टिन र क्यान्टिन परिसर सरसफाई गर्नुपर्नेछ, साथै क्यान्टिनजन्य फोहोरमैलाको उचित ब्यबस्थापन एवं क्यान्टिन परिसरमा सेवाग्राहीहरुद्वारा हुन सक्ने फोहोरमैलाको क्यान्टिन संचालकले अनिवार्य रुपमा ब्यवस्थापन गर्नुपर्नेछ।

१०) **बिजुली पानीः** क्यान्टिन संचालकले आफुले प्रयोग गरेको बिजुली र पानीको बिलभुक्तानी शुल्क लाग्नेछैन।

११) **बन्देजः** मन्त्रालयका कर्मचारीहरुलाई क्यान्टिनको काममा प्रयोग गर्न वा काममा लगाउन पाईनेछैन। साथै मन्त्रालय क्यान्टिनमा मदिराजन्य तथा सुर्तीजन्य एवम् बजारमा बेचबिखन गर्न बन्देज गरिएका कुनै पनि सामाग्रीहरु बिक्री वितरणका लागि राख्न पाईनेछैन।

१२) **खाना खाजाको व्यवस्थापनः** मन्त्रालयका कार्यालय समय अघि वा पछि समेत कार्य गर्नुपर्ने अवस्था रहेको खण्डमा कर्मचारीहरुद्वारा खाना बनाईदिन अर्डर गरेमा/भनेमा निजहरुको संख्या यकिन गरी क्यान्टिनद्वारा अनिवार्य रुपमा खाना खाजाको ब्यबस्थापन गर्नुपर्नेछ।

१३) **फर्निचर तथा अन्य सामाग्रीको व्यवस्थापनः** मन्त्रालयद्वारा तोकिएका कक्षमा क्यान्टिन संचालन गर्नुपर्ने र दोश्रो पक्षले स्टाफ क्यान्टिनलाई आवश्यक थप फर्निचर, चिम्नी लगाएतका क्यान्टिनमा आवश्यक सामाग्रीहरुको आफै ब्यबस्थापन गर्नुपर्नेछ र निजद्वारा व्यवस्थापन गरिएका सामाग्रीहरुको स्वामित्व समेत निजहरुको नै रहने हुँदा सोही बमोजिम व्यवस्थापन गर्न सकिनेछ।

१४) **मर्मत संहारः** क्यान्टिन संचालकले क्यान्टिनमा पानी बिजुली बत्ति पंखा लायाएतको आवश्यक सामान्य मर्मत सम्भारहरु आफैले गर्नुपर्नेछ ।

१५) **खाजाको परिकारः** हप्तामा सात दिनमा हरेक दिन कम्तिमा एक किसिमको खाजा बिशेष रहने गरी व्यवस्था गर्नुपर्नेछ।

१६) **सम्झौताको अवधिः** यस आ.ब. २०८३/०८४ र अर्को आ.ब.२०८३/०८४ मा यसैका लागि सूचना प्रकाशन गरी सम्झौता नहुँदा सम्म वा यो सम्झौता भए पश्चातको एक बर्ष जुन पहिले (Early or First) हुन्छ सो मिति सम्म लागु हुनेछ। यसमध्ये सुरुको दुई महिना परिक्षणकाल रहनेछ।

१७) **सम्झौता रद्द गर्नेः** कुनै कारण यो सूचना पूर्ण वा आंशिक रुपमा रद्द गर्ने वा पूर्ण वा आंशिक रुपमा सम्झौता गर्ने वा सम्झौता नगर्ने लगायत सम्पूर्ण विषयको अधिकार मन्त्रालयमा निहित रहनेछ। अन्य कुनै दुविधा भएका सम्बन्धमा मन्त्रालयद्वारा जारी गरिने सूचना तथा परिपत्र बमोजिम हुनेछ।

१८) **प्रचलित कानून बमोजिम हुनेः** यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश विराटनगर।**